"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध सहर"

# धरान उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान - १९, सुनसरी

पत्र संख्याः १०८-२०८०/८१

चलानी नम्बरः ३३१५

मितिः २०८०।०८।२५

**विषयः :कार्यक्रम माग गर्ने सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु

धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत आ.व. २०८०।८१ को वार्षिक कार्यक्रम अनुसार स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका कार्यक्रमहरुतर्फ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त भएकोमा सो अन्तर्गत देहायका कार्यक्रमहरु आवश्यक भएका विद्यालयहरुले प्रस्ताव सहितको माग पत्र मिति २०८०/०९/११ गतेभित्र धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा पेस गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

**कार्यक्रमहरुः**

१. माध्यमिक विद्यालयमा पुस्तकालय तथा ICT स्थापना (फिक्सिङ, किताब खरिद तथा इ- पुस्तकालय समेत) (प्रति विद्यालय रु ६ लाख ५० हजार)

२. विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना (प्रति विद्यालय रु ६ लाख ५० हजार)

**पुनश्चः**

*क. विज्ञान प्रयोगशाला र पुस्तकालयको कार्यक्रम स्थानीय तहका सबै माध्यमिक तहका विद्यालयहरुले विगत वर्षहरुमा एक पटक पाइसकेको भए उच्च विद्यार्थी संख्या भएको अनुमतिले पुरानो क्रममा रहेको आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरुलाई अनुदान उपलब्ध गराइने छ ।*

..............................

गणेश प्रसाद खतिवडा

महाशाखा प्रमुख

गणेशप्रसाद खतिवडा
शिक्षा महाशाखा प्रमुख

**बोधार्थः**

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।

श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।

श्री सूचना शाखा धरान उपमहानगरपालिका – पत्र **Website** मा राखिदिनु हुन ।